फागुन ६ गते कार्यपालिकाका निर्णयहरु

निर्णयहरु

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा प्रमुख प्रशासकिय अधिकृत ज्यूले प्रस्तुत गर्नु भएको चालु आ.व. २०८१/०८२ हालसम्म संचालन भएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन माथि छलफल गरीयो साथै कार्यक्रमहरुको प्रगतिलाई उच्च मुल्याङ्कन गर्दै बाँकी कार्यक्रमहरु लाई थप प्रभावकारी रुपमा संचालन गर्नको लागी बिषयगत शाखाहरुलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं २:

प्रस्ताव नं.२ माथी छलफल गर्दा संघिय सरकारको समपुरक र विशेष योजना अन्तरगत आगामी आर्थिक बर्ष २०८२/०८३ को लागी तपसिल बमोजिमका योजना माग गर्ने निर्णय गरियो।

| समपुरक तर्फ माग गर्ने योजनाहरु | | | | |
|---|---|---|---|---|
| क्र.सं . | योजनाको नाम | आर्थिक वर्ष | बजेट रकम रु | कैफियत |
| १ | धारापानी नेपाने बिरौटा भिरसिङ्ग सडक | २०८२/०८३ | १०००००००० | क्रमागत |
| २ | दुधुपोखरी राजमार्ग झिम्रेक- वडा कार्यालय नयाँबजार राम्चे सिरानचोक कोट सडक | २०८२/०८३ | २०००००००० | नयाँ |
| ३ | केराघारी शान्तिचौतारा उपल्लो गोहोरे वडा कार्यालय पाटीभज्याँङ सडक | २०८२/०८३ | २०००००००० | नयाँ |
| विशेष अनुदान तर्फ माग गर्ने आयोजनाहरु | | | | |
| क्र.स | योजनाको नाम | आर्थिक वर्ष | बजेट रकम रु | कैफियत |
| १ | जीविकोपार्जन सुधार तथा आर्थिक विकास कार्यक्रम) सेरामिक्स तालिम( | २०८२/०८३ | ९२१६०१० | नयाँ |
| २ | आधारभुत अस्पताल संचालनको लागिआवश्यक औजार उपकरणको व्यवस्थापन | २०८२/०८३ | १४०००००० | नयाँ |

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोरखा
गण्डकी प्रदेश, नेपाल

CamScanner

निर्णय नं ३:

प्रस्ताव नं.३ माथी छलफल गर्दा जनता आवास पालिका समन्वय समितीको फागुन ५ गतेको निर्णय बमोजिम दोस्रो किस्ताका लागि पेश भई आएका ९ घरधुरीका लाभग्राहीहरुको दोस्रो किस्ता बराबरको रकम सम्बन्धित लाभग्रहीको बैंक खातामा उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ४ :

प्रस्ताव नं. ४ माथी छलफल गर्दा बालिकाशिक्षाको महत्व र प्रभावको बारेमा छलफल गर्दै सिरानचोक गाउँपालिका अन्तर्गत साक्षरता शिक्षा भएको र नभएको विद्यालय विचको फरकको तुलना गर्दै स्रोत र साधनको भरपुर परिचालन गर्दे अगाडि वढ्ने निर्णय गरियो ।

निर्णय नं ५ :

प्रस्ताव नं ५ विविध माथि छलफल गरि तपशिल बमोजिमका निर्णय गरियो ।

क. यस सिरानचोक गाउँपालिका अन्तर्गत विद्यालय समायोजन तथा शिक्षक दरवन्दि मिलान गर्ने प्रयोजनार्थ तपशिल वमोजिमका सदस्यहरु रहने गरि "विद्यालय समायोजन तथा शिक्षक दरवन्दि मिलान अध्ययन समिति" गठन गर्ने तथा बार्षिक परिक्षा अगावै अध्ययन प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

१. श्री जगदिश्वर ढकाल, वडा अध्यक्ष वडा नं ३ - संयोजक
२. श्री भरत हमाल, वडा अध्यक्ष वडा नं ३ - सदस्य
३. श्री राजेन्द्र बावु ढकाल वडा अध्यक्ष वडा नं ७ - सदस्य
४. श्री राम काजि श्रेष्ठ प्र अ संसारी महेन्द्र मा वि – सदस्य
५. श्री कृष्ण प्रसाद पोखरेल शिक्षा शाखा – सदस्य

ख. गोरखा जिल्ला साविक केरावारी गा वि स वडा नं -१ हाल सिरानचोक गाउँपालिका वडा नं. १ निवासी यम बहादुर लामाको नाममा दर्ता कायम रहेको साविक केरावारी कि.नं. २९० क्षेत्रफल ३३-१०-०-२ मध्यवाट ३-०-०-० रोपनि जग्गा यसै सिरानचोक गाउँपालिका वडा नं १ मा पर्ने अस्थाइ प्रहरी पोष्ट धारापानीलाइ दान दिने मन्जुरीनामा भए अनुसार जग्गा पास गर्ने निर्णय गरियो साथै उक्त कामका लागि वडा नं १ का वडा अध्यक्ष श्री मनिता गुरुङलाई जिम्मेवारी दिने ।

ग. सिरानचोक गाउँपालिका वडा नं. १ केरावारी स्वास्थ्य चौकीको नामा रहेको" ग १ झ ५२२ " न .को एम्बुलेन्स अजिरकोट गाउँपालिका वडा न .०३ भच्चेक बजार नजिकै भोटेखोलामा "बा ५६ प ६५०३० न .को मोटरसाईकल संग ठोकिन गई उक्त दुर्घटनवाट गम्भिर घाइते

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश

भएका उक्त मोटरसाईकलका चालक अजिरकोट गाउँपालिका निवासि श्री गणेश कोइराला लाइ उपचारार्थ आर्थिक सहायता तथा अनुदानवाट खर्च शिशर्षकबाट रकम रु १,००,००० (अक्षररुपि एक लाख ) दिने ।

घ. जिल्ला खेलकुद विकास समिति गोरखाले मिति २०८१ मंसिर २९ गते मनकामना मन्दिर देखि गोरखकाली मन्दिरसम्म खुल्ला गोरखा म्याराथन दौड प्रतियोतिता संचालन गरि खेलकुद क्षेत्रमा योगदान गरेवापत "युवा तथा मनोरञ्जन खर्च शिर्षकवाट" रकम रु ५००००(अक्षररुपि पचास हजार रुपैया ) मात्र प्रदन गर्ने ।

ङ. कागवेनी मन्दिर संरक्षण समितिले आयोजना गरेको तेस्रो ऐतिहासिक धार्मिक एवंम सांस्कृतिक भेला सञचालन गरि संस्कृति प्रवद्धनमा टेवा गरेवापत "संस्कृति प्रवद्धन खर्च शिर्षक" बाट रकम रु ५००००(अक्षररुपि पचास हजार रुपैया ) मात्र प्रदन गर्ने ।

च. सिरानचोक गाउँपालिका वडा नं ६ स्थित नयाँसाघु नेवार गुठी विकास समाजले गाइजात्रा तथा रोपाइँ जात्रा कार्यक्रम आयोजना संस्कृति प्रवद्धनमा टेवा गरेवापत "संस्कृति प्रवद्धन खर्च शिर्षक" बाट रकम रु २५००० (अक्षररुपि पच्चिस हजार रुपैया ) मात्र प्रदन गर्ने ।

छ. मिति २०८१ माघ २४ गतेदेखि फाल्गुन ०४ गतेसम्म लिगलिग पालुङ्टार उद्योग वाणिज्य संघ ले तेस्रो लिगलिग पालुङटार महोत्सव सञ्चालन गरेवापत "आर्थिक सहायता तथा अनुदान" खर्च शिर्षक बाट रकम रु ५००००(अक्षररुपि पचास हजार रुपैया ) मात्र प्रदन गर्ने ।

ज. सिरानचोक गाउँपालिका वडा नं ४ स्थित ध्रुवतारा यूवा क्लवले बिजया दशमिको अवसर पारेर गाउँपालिका स्तरिय खुल्ला नृत्य प्रतियोगिता एवंम विविध सास्कृतिक कार्यक्रम गरेवापत "संस्कृति प्रवद्धन खर्च शिर्षक" बाट रकम रु ५०००० (अक्षररुपि पचास हजार रुपैया ) मात्र प्रदन गर्ने ।

झ. तमु छोंज धीं तमु ल्होसार कार्यक्रम आयोजना उपभोक्ता सामिति सिरानचोक गाउँपालिका छोप्राक गोरखाले तमु ल्होसार कार्यक्रम २०८१ सञ्चालन गरि मौलिक धर्म, संस्कृति संरक्षण एंवम सम्वर्द्धनमा सहयोग गरेकाले "संस्कृति प्रवद्धन खर्च शिर्षक" बाट रकम रु ५०००० (अक्षररुपि पचास हजार रुपैया ) मात्र प्रदन गर्ने ।

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक गोरखा
गण्डकी प्रदेश, नेपाल

CamScanner

ञ. सिरानचोक गाउँपालिका वडा नं ७ का इन्द्र वहादुर गुरुङ शारिरिक रुपमा अपाङ्गता भइ हाल सिभिल अस्पतालमा उपचाररत रहनुभएको र निजको आर्थिक अवस्था ज्यादैनै कमजोर भएका कारण "आर्थिक सहायता तथा अनुदान" खर्च शिर्षक बाट रकम रु ३५००० (अक्षररुपि पैतिस हजार रुपैया ) मात्र प्रदन गर्ने ।

ट. विविधमा अन्य छलफलका विषयहरु नभएको हुदाँ अध्यक्षज्यूले बैठकको समापन गर्नु भयो ।

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याङ्लेख, गोरखा
गण्डकी प्रदेश, नेपाल